नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

## अस्थायी अध्यापन अनुमति पत्रका लागि आवेदन दिने वारेको सूचना

शिक्षा ऐन, २०२८ (आठौं संशोधन) ले साविक उच्च माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई अस्थायी अध्यापन अनुमतिपत्र प्रदान गर्ने व्यवस्था गरेकोले सो अनुमतिपत्र लिन इच्छुक शिक्षकहरुलाई देहायबमोजिमको विवरण खोली सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुमा मिति २०७३ फल्गुण ७ गतेसम्म रितपूर्वकको आवेदन पेस गर्नुहुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो अध्यापन अनुमतिपत्रको लागि साविक उच्च माध्यमिक शिक्षा शिक्षा ऐन, २०४६ बमोजिम सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरुले आवेदन गर्न सक्नेछन् । शिक्षकहरुबाट प्राप्त आवेदन सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुले छानविन गरी आयोगमा विवरण पठाएपछि सम्बन्धित कार्यालयमार्फत नै अस्थायी अध्यापन अनुमतिपत्र वितरण गरिनेछ ।

### आवेदनसाथ पेस गर्नुपर्ने कागजातहरु

१. मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको कागजातहरुको प्रमाणित प्रतिलिपि ( विदेशी संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको हुनु पर्नेछ)

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. मिति २०७३ आषाढ १५ गतेसम्म आफू कार्यरत रहेको विद्यालयले दिएको सेवा निरन्तरताको सक्कल कागज र नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

४. आवेदनसाथ जिल्ला शिक्षा कार्यालयले तोकेको राजश्व खातामा रु.५००/- जम्मा गरेको सक्कल भौचर ।